# हिरोहरुको खेल कार्ड पाठ

यो खेल तपाईंको विद्यार्थीहरुले आफ्नो जीवनका वास्तविक परिस्थितिहरुमा कसरी धार्मिक गुणहरु जोड्ने भनि सिक्न मदतको लागि खेल्नसक्छन । उपस्थितिको प्रतिफलको रुपमा कार्डहरु प्रयोग गर्न हामी सुझाव दिन्छौं, बालबालिकालाई हरेक हप्ता आएर संकलन गर्न भन्दै जसले गर्दा उनीहरुले एकआपसमा खेल खेल्न सक्छन ।

## निर्देशनहरु:

प्रत्येक बालबालिकालाई उनीहरुले हरेक हप्ता कक्षामा उपस्थित हुँदै कमाएको हिरो र विशेषता कार्डहरु दिनुहोस । हामी सुझाव दिन्छौं कि प्रत्येक कार्डको पछाडी सम्बन्धित बालबालिकाको नाम लेख्नुहोस । खेल खेल्नको लागि, बालबालिकाहरु जोडी बन्छन । त्यसपछि खेलको प्रत्येक चरणको लागि निम्न कुराहरु गर्नुहोस:

- शिक्षकले दिईएको मध्ये एउटा परिस्थिति / प्रश्न पढ्नुहुन्छ, तर उक्त परिस्थितको लागि के के विशेषता आवश्यक छन भनि भन्नुहुँदैन ।
- खेलाडीहरुले उक्त परिस्थितिमा के विशेषता आवश्यक छ भनि अनुमान गर्छन र उक्त विशेषताको लागि धेरै अंक भएको हिरो खोजि गर्छन । खेलाडीहरुले आफुले जित्नको लागि वैकल्पिक विशेषता कार्डहरु पनि छान्न सक्छन ।
- प्रत्येक प्रतिद्वन्दी, आफुले जित्ने विश्वास गरेको एउटा हिरो र विशेषता कार्डको संयोजनको साथमा तयार भएपछि, ३ को गन्तीमा, सोहि समयमा उनीहरुले टेबुलको बिचमा आफ्नो कार्ड देखिने गरि राख्छन । नोट: पहिलो केहि चरण तपाईंले खेल्नुहोस, बालबालिकालाई कसरी खेल्ने भनि सिक्नको लागि धेरै समय दिनुहोस । त्यसपछि, यसलाई थप उत्साहजनक बनाउनको लागि उनीहरुलाई छिटोछिटो निर्णय लिन लगाउनुहोस ।
- हिरो कार्ड तथा विशेषता कार्डको अंक हिसाब गरिसकेपछि सहि विशेषतामा सबैभन्दा बढी अंक हुने खेलाडीले उक्त चरण जित्छ । अंक राख्नुहोस, प्रत्येक बालबालिकाले जितेको चरण गणना गर्दै ।
- खेलमा प्रत्येक कार्ड एकपटक मात्र खेल्न पाइनेछ । प्रत्येक चरणपछि, प्रत्येक खेलाडीले आफुले भर्खर खेलेको कार्ड झिक्छन र त्यसलाई मुख तल पारेर छेउमा राख्छन ।
- खेल्नको लागि बालबालिकाहरुको कार्ड नसकिएसम्म धेरै चरण खेल्नुहोस ।

धेरै चरण जित्ने खेलाडी विजेता हुन । बालबालिकालाई अर्को प्रतिद्वन्दीसँग परिवर्तन गराएर फेरी खेल्न्नुहोस ।

## युनिट १ कार्ड

- सिर्जना
- अबेल
- बाइबल (पेन्टाटेउच)
- नोआ
- अब्राहम
- आईज्याक
- ज्याकोब
- जोसेफ
- मोसेस
- बाइबल (ऐतिहासिक किताबहरु)
- प्रभुको तलवार
- जोसुआ
- लुकेको सुन



## हिरो कार्डहरु:







कार्डहरु २ प्रकारका हुन्छन: हिरो कार्ड तथा विशेषता कार्ड । प्रत्येक हिरो कार्डले बाइबलको निम्न छ विशेषताको मूल्य प्रदान गरिएको व्यक्तिको चित्रण गर्दछ: शक्ति, इमान्दारिता, आज्ञाकारिता, विनम्रता, मन तथा विश्वाश ।

ग्रन्थको प्रत्येक हिरोसँग यी हरेक विशेषताको लागि १०० अंकसम्म हुन्छ, उनिहरुको जीवनको विश्लेषणद्वारा आँकलन गरिएको । यदि एउटा हिरोसँग केहि निश्चित क्षेत्रमा आफैलाई प्रमाणित गर्ने अवसर भएन भने, उसले उक्त क्षेत्रमा अंक प्राप्त गर्नेछैन । दुई हिरोसँग एउटै विशेषताको लागि समान अंक हुनसक्दैन । यदि एउटा हिरोले एक क्षेत्रमा कमजोरी देखायो भने, उसँग अर्को हिरोको भन्दा कम अंक हुनेछ जसले उक्त क्षेत्रमा कहिल्यै पनि कमजोरी देखाएन ।

उदाहरण: जबकी हामीले अबेलको जीवनमा धेरै विश्वास देख्दैनौं, उनले विश्वाशको लागि ५० अंक मात्र प्राप्त गर्नेछन । जबकी उनी आफ्नो जीवनमा चाडैं मारिएका थिए, उनले शक्तिको लागि एक अंक मात्र प्राप्त गर्छन । उनले मनको लागि ९० अंक प्राप्त गर्छन किनभने प्रभुले चाहनुभएको कुरा प्रभुलाई दिए र प्रभुको लागि आफ्नो माया देखाए । अब्राहमले आफ्नी पत्नीलाई बहिनि भनि बोलाउँदै उनको बारेमा झुटो बोलेको कारणले गर्दा इमान्दारिताको अंक गुमाउछन । नोआले मनको अंक गुमाउछन किनभने उनले बाढीमा मर्न लागेका हजारौं वा लाखौं मानिसको रक्षा गरे वा उनीहरुलाई बचाउने कोसिस गरे भन्ने कुरा रेकर्ड गरिएको छैन । मोसेससँग विनम्रताको लागि १०० पुरा अंक छ किनभने बाइबलले भन्छ कि अहिलेसम्म बाँचेको सबैभन्दा नम्र मानिस उनी हुन । जोसेफसँग विनम्रताको कुनै अंक छैन किनभने उनले आफ्नो दाजुभाइलाई प्रभुले उनलाई दिनुभएको सपनाको बारेमा भने जुन अनावश्यक थियो, र हामीले त्यति विनम्रता देखेनौ जब उनी प्रधानमन्त्री बने । अब्राहमको आज्ञाकारितामा ९७ अंक छ किनभने उनले प्रभुको नेतृत्व पछ्याउनको लागि आफ्नो जमिन छोडे र उनले सोडोम र गोमोराह छोड्दे आज्ञा पालन गरे । तर उनले पुरा १०० अंक प्राप्त गरेनन किनभने आर्क बनाउनुमा नोआ अझ बढी आज्ञाकारी थिए, अनुमानित १०० वर्षसम्म काम गर्दै, वर्षातको संकेत नहेर्दै ।

## विशेषता कार्डहरु:

विशेषता कार्डले खेली राखिएको कार्डको मूल्य परिवर्तन गर्छन । यिनको प्रयोगले तपाईंलाई जित्नको लागि मदत गर्छ, यदि तपाईं र तपाईंको प्रतिद्वन्दीले एउटै हिरो छानेको भएतापनि ।







- **बाइबल:** आफुले छानेको विशेषतामा संकेत गरिएका प्वाइन्टद्वारा अंक बढाउनुहोस । हिरो पत्ता लाग्ने बाइबलको हिस्सा प्रयोग गर्ने पनि पक्का गर्नुहोस ।
- **लुकेको सुन:** आफ्नो प्रतिद्वन्दीको हिरोबाट १० अंक घटाउनुहोस ।
- **खेलाडी:** आफ्नो हिरोको विश्वासमा १० अंक थप्नुहोस ।
- **वाचापत्रको आर्क:** आफ्नो प्रतिद्वन्दीको शक्तिलाई शून्यमा झार्नुहोस ।
- **ढलेको रुख:** आफ्नो प्रतिद्वन्दीको विनम्रतालाई २० अंकले घटाउनुहोस ।
- **सिर्जना:** यसलाई एउटा चरणमा प्रयोग गर्नुहोस जहाँ तपाईंलाई आफुले जित्छु जस्तो लाग्छ । यदि तपाईंले जित्नुभयो भने तपाईंले पहिल्यै खेलिसकेको कार्डबाट तिनवटा कार्ड दाबी गर्न सक्नुहुन्छ ।
- **प्रभुको तलवार:** यस कार्डलाई स्वत चरण जित्नको लागि प्रयोग गर्नुहोस । यो कार्डलाई एक्लै प्रयोग गर्न सकिनेछ ।
- **प्रभुको आगो:** आफ्नो प्रतिद्वन्दीलाई एउटा पालो छोड्न लगाउनुहोस ।
- **कुष्ठ रोग:** चरण हार्नुहोस तर बाँकी खेलको लागि आफ्ना सबै प्रतिद्वन्दीको हिरोहरुको शक्ति २० अंकले घटाउनुहोस ।
- **कैद:** चरण जित्नको लागि यस कार्डको प्रयोग गर्नुहोस । र आफ्नो प्रतिद्वन्दीबाट एउटा हिरो लिनुहोस, यसलाई बाँकी खेलको लागि असक्षम गर्दै ।

# उदाहरण चरणहरु

यस उदाहरणको लागि, धैरै हप्ता उपस्थित भएपछि बालक १ र बालक २ सँग यी कार्डहरु छन ।

बालक १





बालक २

## चरण १

शिक्षक



प्रश्न: “यदि तपाईंको दिदीबहिनीले तपाईंलाई एउटा झुट बोल्नको लागि भन्नुभयो भने तपाईंलाई कुन हिरोले मदत गर्नेछ ?”
विशेषता आवश्यक: इमान्दारिता (बालबालिकालाई नभन्नुहोस)
शिक्षकले बालबालिकालाई सोच्न दिनको लागि एक पल पर्खनुहुन्छ, त्यसपछि ३ सम्म गन्नुहुन्छ ।

बालक १




बालक १ ले इजाक र बाइबल छान्छ, उक्त विशेषता इमान्दारिता भएको अनुमान गर्दै ।



बालक २ ले अब्राहम र लुकेको सुन छान्छ, उक्त विशेषता विश्वास भएको अनुमान गर्दै ।



बालक २



नोट: उसले पेन्टाटेउच बाइबल कार्ड छान्नुपर्छ किनभने इजाकको कथा जेनेसिसमा छ ।

विश्वास अंकहरु गन्ति हुँदैनन् किनभने यस चरणमा आवश्यक भएको विशेषता विश्वास नभई इमान्दारिता हो ।




इजाक: ९० इमान्दारिता
बाइबल: + २० अंकहरु
(-१० अंकहरु)

अब्राहम: ७७ इमान्दारिता
लुकेको सुन: -१० अंक प्रतिद्वन्दीको लागि


**१०० इमान्दारिता**

**७७ इमान्दारिता**






प्रत्येक खेलाडीले आफुले भर्खर खेलको कार्डहरु छेउमा एउटा छोडेको चाङमा राख्छन, अर्को चरणको तयारी गर्दै । एउटा खेलमा एउटा कार्ड एकपटक मात्र खेल्न सकिनेछ ।







बाँकी भएका कार्डहरु अर्को चरणको लागि उपलब्ध छन ।

कार्डको पछाडी सम्बन्धित बालकको नाम लेख्नुहोस जसले गर्दा उसले तिनलाई गुमाउदैन ।

## चरण २

शिक्षक




प्रश्न: "तपाईंको एउटा मित्र आएर तपाईंलाई भन्छ कि तपाईंले केहि गलत गर्दै हुनुहुन्छ, र तपाईंलाई थाहा छ कि तपाईं गलत हुनुहुन्छ, र तपाईंले यो बुझेर माफी माग्नुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ?"
आवश्यक विशेषता: विनम्रता (बालबालिकालाई नभन्नुहोस)


बालक १



बालक १ ले मोसेस तथा सिर्जना छनोट गर्छ ।



बालक २ ले प्रभुको तलवार छनोट गर्छ, एउटा कार्ड जुन एक्लै खेल्न सकिन्छ ।



बालक २



मोसेस: १०० विनम्रता
सिर्जना: यदि जितेमा, उसले छोडेकोको चाङबाट ३ वटा कार्ड फिर्ता पाउनेथियो ।

प्रभुको तलवारले सबै चरण जित्छ ।




**१०० विनम्रता**

(उसले सोच्छ कि उसले जित्नेछ ।)

## अन्त्य

जब एउटा खेलाडीको कार्ड सकिन्छ, खेल अन्त्य हुन्छ । धैरै चरण जित्ने बालकले खेल जित्छ ! बालबालिकाको प्रतिद्वन्दी परिवर्तन गराउनुहोस र फेरी खेल्नुहोस ।

# खेलको प्रश्नहरू ।

१. यदि तपाईंको दिदीबहिनीले तपाईंलाई एउटा झुट बोल्न लगाए भने, तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
२. तपाईंको एउटा मित्रले तपाईंलाई भन्छ कि तपाईंले केहि गलत गर्दै हुनुहुन्छ, र तपाईंलाई थाहा छ कि तपाईं गलत हुनुहुन्छ, र तपाईंले यो बुझेर माफी माग्नुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
३. विद्यालयमा तपाईंको समकक्षीहरुले तपाईंको मजाक बनाउदैछन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
४. तपाईंको बुवाले तपाईंलाई कार धुन को लागि भन्नुहुन्छ र तपाईं त्यो गर्न चाहनुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
५. जब तपाईं पसलमा गएर केहि स्न्याक किन्नुहुन्छ, पसलेले तपाईंलाई धेरै पैसा फिर्ता दिन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
६. विद्यालयमा तपाईंको एउटा समकक्षी भर्याङबाट लड्यो र सबैले उनको मजाक बनाए । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
७. एकदिन एउटा केटीले तपाईंलाई मननपर्ने उपहार दिईन, तर उनले तपाईंलाई धेरै मायाले त्यो दिईन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
८. तपाईंको काकाले तपाईंलाई एक ग्लास बियर दिनुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
९. विद्यालयमा तपाईंको समकक्षीहरुले तपाईं त्यहाँ क्रिश्चियन हुन नसक्ने भन्छन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१०. तपाईंको दिदीबहिनीले तपाईंको मनपर्ने खेलौना बिगार्छिन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
११. तपाईंको बुवाले भन्नुभयो कि प्रभुले तपाईंलाई माया गर्नुहुदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१२. तपाईंको अभिभावकले तपाईंलाई आफ्नो प्रिय मित्रसँग नखेल्न भन्नुहुन्छ किनभने ऊ खराब व्यक्ति हो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१३. तपाईंको पादरीले तपाईंलाई वहाँसँगै प्रचारप्रसारमा जान भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१४. यो खाना खाने समय हो र तपाईंको परिवारसँग आफुलाई पुग्ने खाना मात्र छ, तर तपाईंको घरमा पाहुना आउनुभयो र वहाँहरुलाई खाना दिनुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१५. तपाईंको पादरीले तपाईंलाई व्रत बस्न भन्नुहुन्छ, तर तपाईंको आमाले तपाईं व्रत बस्नुभएको दिनमा तपाईंलाई मनपर्ने खाना बनाउनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१६. तपाईंको आमाले तपाईंलाई मननपर्ने खाना बनाउनुहुन्छ, तर भन्नुहुन्छ कि तपाईंले स्वस्थ रहनको लागि यो खानुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१७. तपाईंको आमाले तपाईंलाई नुहाउन भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१८. विद्यालयमा एउटा केटि चिप्लिएर उनले तपाईंको लुगामा सोडा पोख्छिन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१९. तपाईं बाटो काट्दै हुनुहुन्छ र धेरै झोला बोकेको एक महिला देख्नुहुन्छ र उनले झोला खसाल्न लागेकी छिन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
२०. तपाईंको आमाले तपाईंलाई भेट्न मन नलाग्ने बालकको घरमा गएर उसलाई एउटा उपहार दिनको लागि भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
२१. तपाईंको कक्षाको एउटा बालकले तपाईंको नोटबुक च्यातिदिन्छ र तपाईंले बदला लिन चाहनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
२२. तपाईंको दिदीबहिनीले तपाईंलाई सधैं भन्छिन कि तपाईं नराम्रो हुनुहुन्छ र तपाईंलाई दुख लाग्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
२३. तपाईंको सन्डे विद्यालय शिक्षकले तपाईंलाई सधैं अनुशासित राख्नुहुन्छ र त्यस कुराले तपाईंलाई रीस उठ्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
२४. एकदिन विद्यालयमा तपाईंको मित्रले तपाईंलाई अर्को विद्यार्थीको झोला चोर्नको लागि भन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
२५. तपाईंको काकीले तपाईंलाई दुर्व्यवहारको लागि सधैं सजाय दिनुहुन्छ, त्यसैले तपाईंलाई वहाँ मनपर्दैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
२६. एक दिन तपाईंले सोच्नुभयो कि प्रभुले तपाईंलाई गर्न मन नलागेको केहि कुरा गर्नको लागि बोलाईरहनुभएको छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
२७. अर्को बालकले तपाईंलाई चुरोट दिन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
२८. चर्चमा सबैजनाले तपाईंलाई अल्छि भन्नुहुन्छ, र तपाईं यो स्वीकार गर्न चाहनुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
२९. एउटा साथीले तपाईंलाई अभिभावकको पैसा चोर्न भन्छ, र यदि तपाईंले त्यसो नगरेमा, ऊ तपाईंको साथी हुँदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
31. तपाईंको विद्यालय शिक्षकले तपाईंलाई भन्नुभयो कि तपाईं प्रभुबाट नभई, एक बाँदरबाट आउनुभएको हो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
३२. तपाईंको शिक्षकले तपाईंलाई नराम्रो अंक दिनुभयो र तपाईंको परिवारले तपाईंलाई विश्वास गर्नुभएन र तपाईंलाई सजाय दिँदै हुनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
३३. तपाईंको साथीले तपाईं नराम्रो हुनुहुन्छ भन्यो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
३४. तपाईंले आफ्नो दिदीबहिनीलाई केहि नराम्रो भन्नुभयो र तपाईंलाई थाहा छ कि तपाईंले माफी माग्नुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
३५. तपाईंको पादरीले तपाईंलाई समूहमा सहभागी हुन दिनुहुनेछैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
३६. विद्यालयमा तपाईंको शिक्षकले कहिल्यै पनि तपाईंको प्रशंसा गर्नुहुँदैन । तपाईंलाई कुन हिरोले मदत गर्दछ ? (शक्ति)
३७. तपाईंको आमाले तपाईंलाई आफुले नगरेको केहि कुराको आरोप लगाउनुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
३८. जब तपाईंको हजुरआमा आउनुभयो, वहाँले तपाईंको दाजुभाई दिदीबहिनीको लागि उपहार ल्याउनुभयो, तर तपाईंको लागि ल्याउनुभएन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
३९. तपाईं बस चढ्दैहुनुहुन्छ र एउटा बुढी आइमाई आउनुभयो । तपाईं सिटमा हुनुहुन्छ र वहाँ हुनुहुन्न, तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
४०. तपाईं विद्यालयमा खेल्दै हुनुहुन्छ र दौडदा खेरी लड्नुभयो । तपाईंको सबै समकक्षीले तपाईंको मजाक बनाए । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
४१. विद्यालयमा सबैजना खेलिरहेका थिए, र तपाईंले आफु पनि खेल्नको लागि सोध्नुभयो । तपाईंको समकक्षीहरुले तपाईं उनीहरुसँग खेल्न नसक्ने बताए । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)

४२. तपाईंले एउटा केटाले सानो नानीलाई कुटेको देख्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
४३. कक्षामा सबैको आफ्नै जोडीको लागि पुग्ने पर्याप्त कैंची छैन । तपाईंले कैंची प्रयोग गर्दै हुनुहुन्छ र एउटा समकक्षीले तपाईंबाट लियो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
४४. एउटा केटिले तपाईंलाई मन पराउछिन र ऊनी चाहन्छिन कि तपाईंले उनीलाई चुम्बन गर्नु । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
४५. तपाईंले प्रभुसँग एउटा साइकल माग्नुभयो र तपाईंसँग अझै पनि छैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
४६. तपाईंको आमाले तपाईंलाई पसलमा पठाउनुभयो र वहाँले तपाईंलाई ५० रुपैयाँ दिनुभयो र फिर्ता माग्न बिर्सनुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
४७. विद्यालयमा तपाईंको शिक्षकले सोध्नुभयो कि कुन बालक होसियार छ । तपाईं होसियार हुनुहुन्छ, तर तपाईंलाई थाहा छ कि आफ्नो बारेमा आफै राम्रो भन्नु गलत हो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
४८. एकदिन तपाईं बाटोमा हिंड्दै हुनुहुन्थ्यो र तपाईंको अगाडीको मानिसले आफ्नो पर्स खसाल्नुभयो र थाहा पाउनुभएन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
४९. तपाईंको हजुरआमाले तपाईंलाई पसलमा गएर वहाँको लागि खाजा किन्न भन्नुभयो र तपाईंले वहाँले भन्नुभएको कुरा ल्याउनुभएन र वहाँ रिसाउनुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
५०. तपाईंको अभिभावकले तपाईंलाई काकीकहाँ छोड्नुभयो जो तपाईंलाई मनपर्दैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
५१. तपाईंको दिदी ठुली हुनुहुन्छ र सधैं तपाईंलाई जिस्क्याउनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
५२. तपाईंको दिदीले तपाईंलाई हुकुम गर्नुहुन्छ जस्तो कि वहाँ तपाईंको आमा हुनुहुन्छ र तपाईंलाई वहाँ मनपर्दैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
५३. तपाईंको आमाले भन्नुहुन्छ कि प्रभुले तपाईंलाई माया गर्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
५४. तपाईंको अभिभावकले तपाईंलाई सबैकुरा सम्भव रहेको विश्वास गर्न भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
५५. तपाईंको शिक्षकले तपाईंलाई चर्च सफा गर्नको लागि मदत गर्न भन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
५६. तपाईंको अभिभावकले तपाईंलाई आफ्नो कोठा सफा गर्नको लागि भन्नुभयो तर तपाईं त्यसो गर्न चाहनुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
५७. एउटा साथीले तपाईंको बाइक लैजान चाहन्छ तर तपाईं उसलाई दिन चाहनुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
५८. तपाईं बाटो काट्न हतारमा हुनुहुन्छ तर त्यहाँ एउटा आइमाई व्हिलचियरमा हुनुहुन्छ र तपाईंसँग मदत माग्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
५९. तपाईंको अभिभावकले तपाईंलाई परिक्षामा राम्रो अंक ल्याएकोमा पुरस्कार दिन चाहनुहुन्छ तर तपाईंलाई थाहा छ कि तपाईंले परिक्षामा चोरी गर्नुभएको थियो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
६०. तपाईंको शिक्षकले तपाईंलाई एक कक्षा परियोजनाको लागि एउटा समूहमा राख्नुभयो । तपाईंको समूहमा एउटा सदस्य छ जुन तपाईंको समकक्षी हो र तपाईंलाई सताउँछ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
६२. तपाईंको बुवाले तपाईंलाई एउटा नयाँ काम पाउनको लागि प्रार्थना गर्न भन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
६२. तपाईंको बुवाले तपाईंलाई गर्न मननपर्ने कुरा गर्न भन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
६४. तपाईंको विद्यालय शिक्षकले तपाईंलाई भन्नुभयो कि बाइबलले झुटो भन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
६४. तपाईंको पादरीले भन्नुहुन्छ कि तपाईंको अभिभावकले नभनेपनि तपाईं एउटा चर्चको कार्यक्रममा जान सक्नुहुन्छ, तर तपाईंलाई थाहा छ कि प्रभुले पहिलो अधिकार अभिभावकलाई दिनुभएको छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
६५. तपाईंको अभिभावकले तपाईंलाई चर्चको एउटा कार्यक्रममा जान दिनुहुनेछैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
६६. तपाईंको अभिभावकले तपाईंलाई घरमा राखेर भन्नुभयो कि तपाईंले घर छोड्नुहुँदैन, तर तपाईं घरमा एक्लै हुनुहुन्छ, र तपाईंको साथी आइपुगे र बाहिर खेल्न बोलाए । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
६७. जब तपाईं पसलमा जानुभयो एउटा बालकले तपाईंको अपमान गर्यो, तपाईंलाई थाहा छ कि तपाईंले जवाफ दिनु हुँदैन तर तपाईंलाई एकदमै रीस उठेको छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
६८. तपाईंको एउटा महत्वपूर्ण परिक्षा छ जसको लागि तपाईंले पढ्नु भएन र परिक्षा दिँदा तपाईंले चोरी गर्न सक्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
६९. विद्यालय समूहमा कार्य गर्ने व्यक्ति तपाईं मात्र हुनुहुन्छ जबकी सबैजनाले गर्नुपर्छ, र तपाईंले आफ्ना समकक्षीहरुलाई काममा सहयोग गर्नको लागि भन्नुपर्छ । (शक्ति)
७०. विद्यालयमा एउटा बालकले तपाईंलाई झुटा भन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
७१. तपाईंको समकक्षीहरुले तपाईंलाई हराएको केहि कुराको आरोप लगाउछन, र सबैले तपाईंलाई चोर भन्छन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
७२. तपाईंको आमाले तपाईंलाई भन्नुभयो कि तपाईं गलत हुनुहुन्थ्यो, र तपाईंले गल्ती स्वीकार गरेर सच्याउनुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
७२. तपाईंको आमाले भन्नुभयो कि वहाँले तपाईंलाई माया गर्नुहुन्छ र तपाईंले पनि वहाँलाई माया गर्नुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
७४. तपाईंको साथीले तपाईंलाई खान नहुने केहि कुरा खानको लागि भन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
७५. तपाईंको परिवार एउटा घर किन्नको लागि कुरिरहेको बेलामा, तपाईं आफ्नो हजुरआमाको घरमा बस्नुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
७६. तपाईंको अभिभावकले तपाईंलाई पसल पठाउन चाहन्छन तर बाहिर गर्मि छ र पसल टाढा छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
७७. तपाईंको दाजुभाईले तपाईंको बुवाको पैसा चोरेको कुरा तपाईंले थाहा पाउनुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
७८. तपाईंको बुवाले तपाईंलाई फोहोर बाहिर निकाल्न भन्नुहुन्छ तर बाहिर अँध्यारो छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
७९. तपाईं आफ्नो साथीभाईसँग खेलिरहेको बेलामा उनीहरुले तपाईंलाई पसलबाट केहि कुरा चोर्नको लागि भन्छन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
८०. विद्यालयमा शिक्षकले तपाईंलाई भन्नुहुन्छ कि प्रभु हुनुहुँदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
८१. तपाईंले छात्रवृत्तिको लागि राम्रो अंक आउने प्रार्थना गर्दै हुनुहुन्छ ? तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
८२. तपाईंको साथीहरुले तपाईंलाई छिमेकीको रुखबाट फल चोर्नको लागि भन्छन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
८३. तपाईंको साथीहरुले तपाईंलाई आफ्नो छिमेकीको ढोकाको घन्टी बजाएर भाग्नको लागि भन्छन, तर तपाईंको अभिभावकले त्यसो नगर्न भन्नुभएको छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)

८४. तपाईंको शिक्षकले तपाईंलाई एउटा विशेष किताब पढ्नको लागि भन्नुभयो तर तपाईं एक फरक किताब पढ्न चाहनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
८५. तपाईंको आमाले वहाँको टाउको दुखेको कारणले गर्दा तपाईंलाई वहाँको लागि प्रार्थना गर्न भन्नुहुन्छ, र वहाँले भन्नुहुन्छ कि प्रभुले प्रार्थनाद्वारा वहाँलाई निको पार्नुहुन्छ ? तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
८६. तपाईंको विद्यालयमा एउटा बालक सधैं दुखि हुन्छ किनभने ऊसँग खाजा हुँदैन र पैसा पनि हुँदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
८७. चर्चमा तपाईंको पादरीले बालबालिकालाई पढाउनको लागि तपाईंको मदत माग्नुभयो र तपाईं निश्चित हुनुहुन्न कि उनीहरुले तपाईंलाई ध्यान दिनेछन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
८८. तपाईंको विद्यालयबाट वहाँहरुले तपाईंलाई एउटा अनाथालयमा लानुभयो, त्यहाँ बालबालिका कसरी एक्लै बस्छन देखाउनको लागि, र वहाँहरुले तपाईंको समूहलाई त्यी बालबालिकालाई मदत गर्नको लागि भन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
८९. तपाईंको स्नातकको लागि तपाईंले कालो पाइन्ट लगाउनुपर्छ । तपाईंको अभिभावकले तपाईंको लागि नयाँ पाइन्टहरु किन्न सक्नुहुन्न, त्यसैले तपाईंले कोहि आफन्तसँग लिनुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
९०. एउटा समकक्षीले तपाईंको नाम एउटा परियोजनामा राख्न चाहन्छ, तपाईंले केहि पनि नगरेको भएतापनि । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
९१. तपाईं गतिविधिमा सहयोग गर्नको लागि चर्चमा जानुभयो र उनीहरुले तपाईंलाई केहि गर्न दिएनन् । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
९२. विद्यालयमा एउटा बालकले तपाईंसँग तपाईंको खाजा माग्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
९३. एकदिन तपाईंले आफ्नो साथीसँग पानी माग्नुभयो तर उसले तपाईंलाई दिएन । तपाईंले स्विकार्नु पर्छ कि यो उसको हो र तपाईंलाई दिन चाहँदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
९४. एउटा फोहोरी र गनाउने समकक्षी तपाईंको समूहमा रहन चाहन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
९५. एकदिन बाटोमा एउटा केटाले तपाईंलाई लागुऔषध दिन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
९६. कक्षामा एउटा केटीले टेबुलमा आफ्नो पैसा बिर्सिन्छिन र कसैले याद नगरेपनि तपाईंले मात्र याद गर्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
९७. तपाईंको शिक्षकले कक्षामा केहि गलत पढाउँदै हुनुहुन्छ, वहाँले भन्नुभएको सबैकुरा गलत छ र सबैजना वहाँदेखि हाँस्छन्, तर तपाईंलाई के गर्ने भन्ने थाहा छैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
९८. तपाईंको समकक्षीहरुले तपाईंलाई डराएको भन्छन किनभने तपाईंलाई केटीहरुसँग बाहिर जान मन लाग्दैन, तर तपाईंलाई थाहा छ कि तपाईं एउटा केटी भेट्नको लागि सहि समयको पर्खाइमा हुनुहुन्छ, प्रभुले तपाईंको लागि छान्नुभएको एकजना । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
९९. विद्यालयमा सबैजनाले अरुको गृहकार्यको नक्कल गर्छन र तपाईंले आफ्नो गृहकार्य गर्नुभएको छैन जुन आज गर्नुपर्ने थियो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१००. तपाईंको छिमेकका अन्य बच्चाहरु दुर्व्यवहार गर्ने गर्छन र तपाईंको बुवाले अबदेखि उनीहरुसँग नखेल्न भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१०१. तपाईंले सधैं देख्नुभएको बालक जो एकदमै बदमास छ र साथीहरुसँग झगडा गर्छ, उसले तपाईंलाई उसको साथी बन्नको लागि भन्छ, र मदतको लागि भन्छ किनकि उसले एकदमै एक्लो महसुस गर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१०२. एउटा बालकले तपाईंलाई डरपोक भन्छ किनकि तपाईं आफ्नो समकक्षीहरुसँग झगडा गर्नुहुँदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१०३. एकदिन तपाईंको चर्चको एउटा लिडरले तपाईंलाई भन्नुभयो कि प्रभुले कहिल्यै पनि तपाईंको प्रयोग गर्नुहुँदैन र तपाईंलाई नराम्रो लाग्छ किनकि प्रभुले तपाईंलाई अहिलेसम्म केहि कुराको लागि पनि बोलाउनुभएको छैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१०४. तपाईंको शिक्षकले मुखबाट चुइगम निकालेर तपाईंलाई खान दिनुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति) हिहिहि !
१०५. चर्चको पादरीले तपाईंलाई हप्तामा एकपटक चर्चमा कुचो लगाउनको लागि भन्नुभयो र तपाईंलाई यसो गर्न मनपर्दैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१०६. सन्डे विद्यालयमा तपाईंको शिक्षकले क्यान्डी दिनुहुन्छ, तर तपाईंभन्दा सानो बालकले केहिपनि पाएन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१०७. तपाईंको आमाले भन्नुभयो कि तपाईंको बुवाले तपाईंलाई माया गर्नुहुँदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१०८. तपाईंको साथीहरुले चाहन्छन कि तपाईं उनीहरुसँगै भित्ती चित्र कोर्न जानुहोस । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१०९. तपाईंको साथीहरुले चाहन्छन कि तपाईंले उनीहरुसँगै झ्याल तोडफोड गर्नुहोस । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
११०. तपाईंको सन्डे विद्यालय शिक्षकले भन्नुभयो कि तपाईं असल केटा हुनुहुन्छ, तर तपाईंले केहि बानी सुधार्नुपर्छ । तपाईंले उनीहरुको निरीक्षण स्वीकार गर्न चाहनुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१११. तपाईंको एउटा साथीले तपाईंको छिमेकिलाई खलबलाउनको लागि बोलाउँछ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
११२. तपाईंले थाहा पाउनुभयो कि तपाईंको मिल्ने साथीले तपाईंको खाजा खाने पैसा चोर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
११३. तपाईंको पादरीले बिरामीको लागि प्रार्थना गर्न वहाँलाई अस्पतालसम्म जान साथ दिनको लागि तपाईंलाई भन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
११४. तपाईंको आमाले तपाईंलाई काकीलाई भेट्न पठाउनुभयो जसले तपाईंलाई मनपराउनुहुँदैन र जसले सधैं तपाईंलाई गाली गर्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
११५. तपाईंको आमाले नराम्रो मान्नुभयो र तपाईंलाई वहाँको लागि प्रार्थना गर्न भन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
११६. तपाईंको आमाले तपाईंलाई भन्दा धैरै खाना तपाईंको दाइलाई दिनुभयो, तर वहाँले भन्नुभयो कि वहाँ एउटा पुरुष हो र वहाँले तपाईंभन्दा धैरै खानुहुन्छ, र तपाईंले तपाईंको आमाको भनाइ स्वीकार गर्नुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
११७. तपाईंको मिल्ने साथीले उसलाई परिक्षामा चोरी गर्न मदतको लागि तपाईंलाई भन्यो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
११८. प्रदर्शनीमा हुनुहुन्छ र तपाईंको खेलौना पुरानो भएको भन्नुहोस, तर तपाईंलाई थाहा छ कि तपाईंको अभिभावकले तपाईंलाई नयाँ खेलौना किन्न सक्नुहुँदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१२०. तपाईंको साथीहरुले फुटबल खेल्दा तपाईंलाई सहभागी गराउदैनन् । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१२०. एउटा साथीले तपाईंलाई भन्छ कि परीक्षामा उत्तीर्ण हुनको लागि शिक्षकको टेबुलबाट जवाफ चोरी गर्नु आवश्यक छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१२१. केहि बालबालिकाले कुकुरको बच्चालाई कुट्दैछन् र तपाईं त्यहाँ हुनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१२२. पसलको काउन्टरमा २० रुपैयाँको नोट छ र कसैले पनि देखेको छैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१२३. तपाईंको बुवाले तपाईंलाई जनावरलाई खाना खुवाउनको लागि भन्नुभयो, तर तपाईंलाई मनपर्ने टिभी कार्यक्रम सुरु हुँदैछ । तपाईंलाई कुन

हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१२४. तपाईंको आमाले तपाईंलाई चर्चको बाथरुम सफाईमा मदत गर्न भन्नुभयो, तर यो फोहोर भएको कारणले तपाईं चाहनुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१२५. टिभीमा एउटा मानिसले प्रभु अस्तित्वमा नभएको कुरा गरेको तपाईंले सुन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१२६. तपाईंको पुरा परिवार हिडाईको लागि जानुभयो र वहाँहरुले एउटा असक्षम व्यक्तिले खानको लागि मदत मागेको भेट्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१२७. चर्चमा, एउटा समकक्षीले तपाईंको बारेमा झुट बोल्यो र तपाईंले सत्य बाहिर आउनुभन्दा अगाडी केहि गर्न सक्नुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१२८. तपाईंको दाजुभाईको एउटा साथी तपाईंको घरमा बस्दछ, र तपाईंको अभिभावकले उसलाई तपाईंको ओछ्यान दिन भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१२९. तपाईंको परिवारमा तपाईं एउटा नयाँ घरको लागि प्रार्थना गर्दै हुनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१३०. तपाईंको हजुरबुवाले तपाईंलाई वहाँको आँगन सफाईमा मदत गर्न भन्नुभयो, तर अहिले तपाईंको गर्मी विदा हो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१३१. तपाईंले आफ्नो छिमेकिको छोराले किराना पसलमा चोरेको देख्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१३२. एउटा समकक्षीसँग बिहानीको नास्ता किन्नको लागि पर्याप्त पैसा छैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१३४. चर्चमा प्रवचन दिने पालो अब तपाईंको हो र तपाईं एउटा राम्रो कार्य गर्नको लागि निरास हुनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१३५. तपाईंको थुप्रै साथीहरुले तपाईंलाई अनुमतिबिना आर्केडमा लैजान चाहन्छन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१३६. तपाईंले आफ्नो गृहकार्य पुरा गर्न चाहनुहुन्न किनभने तपाईंलाई अल्छी लागेको छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१३७. तपाईंको साथीको पार्टीमा सबैजनाले राम्रो पहिरन लगाउनेछन, तर तपाईंको अभिभावकले तपाईंको लागि नयाँ लुगा खरिद गर्न सक्नुहुँदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१३८. एउटा क्यासियरले सानो बालकलाई गलत पैसा फिर्ता दिएको तपाईंले देख्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१३९. एउटा समकक्षीले तपाईंलाई अर्को बालकलाई लडाउन भन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१४०. यो शनिबारको बिहानी हो र तपाईंको हजुरबुबा-हजुरआमाहरु भेट्न आउँदै हुनुहुन्छ । तपाईंको अभिभावकले वहाँहरु आउनुभन्दा अगाडी तपाईंलाई आफ्नो कोठा सफा गर्न भन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१४१. तपाईंको साथीहरुले तपाईंलाई चिडियाघरका जनावरलाई खलबलाउन भन्छन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१४२. तपाईंको दाइले तपाईंलाई भन्नुहुन्छ कि तपाईंको अभिभावकले तपाईंलाई चाहनुहुँदैन किनभने वहाँहरुले तपाईंलाई एकदमै गाली गर्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१४३. एउटा साथीले धेरै जनावर भएको ठाउँमा जानको लागि तपाईंको साथ माग्छ र तपाईंलाई जनावरहरु मनपर्दैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१४४. तपाईं चर्चमा कक्षामा ढिलो जानुहुन्छ किनभने तपाईंले समय भुल्नुभयो र तपाईंको शिक्षकले तपाईं ढिलो हुनुको कारण सोध्दा तपाईं ढाँटन चाहनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१४५. चर्चमा गीत गाउने प्रतियोगिता हुँदैछ र एउटा सहभागीले राम्रो गाएन र सबैजनाले उसको मजाक बनाए । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१४६. बालबालिकाको मिटिङमा एउटा केटीले आफ्नो बिरामी दाइको लागि प्रार्थना गर्न भनिन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१४७. तपाईंको साथीहरुले तपाईंलाई खोलामा पौडी खेल्न बोलाए, तर तपाईंको बुवाले यो एकदमै खतरनाक रहेको भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१४८. तपाईंको अभिभावकले तपाईंलाई आफ्नो साना भाईहरुको ध्यान दिन भन्नुभयो, तर तपाईंको सानो भाईले तपाईंलाई टेर्दैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१४९. शिक्षकले तपाईंलाई बोर्ड सफा गर्नको लागि भन्नुभयो, तर तपाईंलाई त्यसो गर्न मनपर्दैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१५०. तपाईंको साथीहरुले तपाईंलाई छिमेकिमाथि प्र्यांक गर्न बोलाए । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१५१. तपाईंले एउटा पर्स भेटाउनुभयो र जब तपाईंले यो खोल्नुभयो तपाईंले त्यो व्यक्तिको जानकारी देख्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१५२. तपाईंले आफ्नो अगाडी एउटा बुढो मानिसले गह्रौ बाकस बोकेको देख्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१५३. विद्यालयको पसलमा उनीहरुले साना बालबालिकालाई सेवा नदिएसम्म तपाईंलाई पर्खिन भने । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१५४. तपाईंलाई विश्वास छ कि लिनुभन्दा दिनु राम्रो हो; तर तपाईंको साथीहरुले उल्टो भन्छन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१५५. तपाईंको साथीहरुले तपाईंलाई यो आइतबार चर्च नजान दबाब दिँदैछन् । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१५६. तपाईंको छिमेकिको बल तपाईंको आँगनमा खस्यो, तर उनीहरुलाई थाहा छैन कि त्यो कहाँ खस्यो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१५७. तपाईंको साथीको परिवारको सबैकुरा लुटियो, र अब उनीहरुलाई सहयोग आवश्यक छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१५८. तपाईंको बुवाले तपाईंलाई टिभी बन्द गर्न भन्नुभयो किनभने आइरहेको टिभी कार्यक्रम तपाईंको लागि खराब छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१५९. चर्चमा तपाईंको सिट सजिलो छ तर तपाईंको स्थान अरु कसैलाई दिन भनियो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१६०. तपाईं निर्धक्क हुनुहुन्छ कि तपाईं मुल्यवान हुनुहुन्छ किनभने बाइबलले त्यसो भन्छ; तर सबैजनाले भन्छन कि तपाईं बेकार हुनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१६१. तपाईंको साथीहरुले तपाईंलाई एउटा ग्राफिक्स यौन दृश्य भएको चलचित्र हेर्नको लागि बोलाए । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१६२. तपाईंले विद्यालयमा कसैको हराएको पर्स भेटाउनुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१६३. तपाईंको अभिभावकले तपाईंलाई आफ्नो सानी बहिनीको ध्यान राख्न भन्नुभयो तर तपाईं बाहिर गएर आफ्नो साथीहरुसँग खेल्न चाहनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१६४. तपाईं कक्षामा आफ्नो साथीसँग बस्नुहुन्छ तर तपाईंको शिक्षकले अर्को सिटमा बस्न भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१६५. तपाईं बिरामी हुनुहुन्छ, र तपाईंले पादरीलाई आफ्नो लागि प्रार्थना गर्न भन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१६६. तपाईंको साथीहरुसँग वयस्क पत्रिका छ र तपाईंलाई त्यो हेर्न बोलाउँछन् । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१६७. कसैले तपाईंलाई पाइरेटेड चलचित्र दिन्छन, एकदमै सस्तोमा । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)

१६८. तपाईंले आफ्नो छिमेकिले कार धकेलेको देख्नुभयो, किनभने त्यो सुचारु भएको छैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१६९. तपाईं आफ्नो दाजुभाईसँग टिभी हेर्दै हुनुहुन्छ, र तपाईंको आमाले तपाईंलाई पसलमा जान भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१७०. तपाईं आफ्नो बल खेल्दै हुनुहुन्छ र तपाईंले आफ्नो छिमेकिको बोटबिरुवा नाश गर्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१७१. तपाईंको बाइबल कक्षामा, शिक्षिकले तपाईंलाई एउटा बिरामी मानिसको लागि प्रार्थना गर्न बोलाउनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१७२. तपाईंको साथीहरुले उनीहरुलाई मननपर्ने समकक्षीलाई जिस्क्याउनको लागि तपाईंलाई भने । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१७३. तपाईंले देख्नुभयो कि तपाईंको आमाले काउन्टरमा केहि सिक्का छोड्नुभयो, र वहाँ अहिले घरमा हुनुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१७४. तपाईंको बहिनीले आँगनको रुखबाट एउटा फल टिप्न चाहन्छिन, तर उनीले टिप्न सक्दिनन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१७५. तपाईंको आमाले तपाईंलाई फोहोर निकाल्न भन्नुहुन्छ तर तपाईं चाहनुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१७६. तपाईं र तपाईंको बहिनी दुवैलाई क्यान्डी चाहियो तर त्यहाँ एउटा मात्र बाँकी छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१७७. तपाईंको बुवाले भन्नुहुन्छ कि वहाँ तपाईंसँगै बाहिर खेल्न जानुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१७८. तपाईंको साथीहरुले तपाईंलाई छिमेकिको आँगनमा खेल्न बोलाए तर तपाईंलाई थाहा छ कि छिमेकीलाई यो मनपर्दैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१७९. तपाईंको साथीसँग धेरै भिडियो गेमहरु छन् र तपाईंले एउटा चोर्ने सोच्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१८०. तपाईंले आफ्नो आमाले आँगनमा गह्रौ पोलहरु सार्दै गरेको देख्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१८१. तपाईंको आमाले तपाईंलाई आफ्नो गृहकार्य नसकेसम्म खेल्न नसक्ने भन्नुभयो तर तपाईंको साथीहरु तपाईंकहाँ आएकाछन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१८२. तपाईंको बुवाले तपाईंलाई केहि काम गर्न भन्नुभयो तर तपाईंले त्यो गर्नुभएन, अब वहाँले तपाईंलाई गाली गर्दै हुनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१८३. तपाईंको हजुराआमा अस्पतालमा हुनुहुन्छ, तर सबैजनाले तपाईंलाई भन्छन कि वहाँ निको हुनुहुनेछ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१८४. एउटा अनौठो मानिस तपाईंकहाँ आएर उसलाई साथ दिन भन्छ किनभने उसँग तपाईंको लागि घरमा उपहार छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१८५. रेफ्रिजेरेटरमा एउटा केकको टुक्रा छ, तपाईं त्यो खान चाहनुहुन्छ, तर तपाईंलाई थाहा छ कि त्यो तपाईंको दाजुभाईको लागि हो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१८६. एउटा बुढी मानिसले किराना पसलबाट गह्रौं झोलाहरु बोक्दैहुनुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१८७. तपाईंको अभिभावकले टेलिभिजन बन्द गरेर ओछ्यानमा जानको लागि तपाईंलाई एक घण्टाको समय दिनुभएको छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१८८. एउटा समकक्षीले तपाईंलाई सताइरहेको छ, तर तपाईं त्यस्तै तरिकामा जवाफ दिन चाहनुहुन्न । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१८९. तपाईंको साथीहरुले भन्छन कि तपाईं चर्चमा जानुहुँदैन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१९०. तपाईंको साथीहरुले चाहन्छन कि तपाईंले एउटा समकक्षीको ब्यागमा एउटा जनावर राख्नुहोस । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१९१. तपाईंको घरमा कसैसँग क्रेयनको बाकस छ तर तपाईंलाई थाहा छैन कि कसको हो, र तपाईंलाई त्यो चाहिन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१९२. तपाईंको विद्यालयको सानो विद्यार्थी आफै पिङमा चढ्न सक्दैन । उसले कोसिस गरेको र नसकेको तपाईंले देख्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१९३. तपाईंको आमाले तपाईंलाई भन्नुभयो कि तपाईंले आफ्नो ओछ्यान मिलाउनुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
१९४. तपाईंको बुवाले तपाईंलाई गाली गर्नुभयो, तर अब वहाँले अंकमाल र चुम्बन माग्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
१९५. तपाईंको साथीहरुले भने कि प्रभुले तपाईंलाई त्याग्नुभएको छ, तर बाइबलले भन्छ कि प्रभु हरेक दिन तपाईंसँगै हुनुहुनेछ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
१९६. तपाईंको साथीहरुले तपाईंलाई चर्चको घन्टी बजाउन भने । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
१९७. तपाईंले देख्नुभयो कि कसैले पसलमा पैसा तिर्दा पैसा खसाल्यो । कसैले पनि देखेन तर तपाईंले देख्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
१९८. एउटा बालक खेलिरहेको चौरमा लड्छ, तर कसैले पनि मदत गरेनन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
१९९. तपाईंको आमाले तपाईंलाई कारमा चढ्दा सिट-बेल्ट बाँध्न भन्नुभएको छ, तर तपाईंले देख्नुभएको छ कि धेरै बालबालिकाले त्यसो गर्दैनन् । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
२००. बुवाले तपाईंलाई भन्नुभयो कि तपाईंले छिमेकिलाई सताउने केहि कार्य गरेकोले गएर माफी माग्नुपर्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
२०१. तपाईंलाई लाग्छ कि तपाईंले राम्रो अंक ल्याउन सक्नुहुँदैन, तर तपाईंको आमाले प्रभुको प्रार्थना गर्न र ज्ञान माग्न भन्नुहुन्छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)
२०२. तपाईंले प्रतिक्षा गर्नुभएको चलचित्र टिभीमा आउनेवाला छ, तर तपाईंको बाइबल कक्षा पनि सोहि समयमा छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (शक्ति)
२०३. पत्रिका स्ट्यान्डमा तपाईंले आफुले चाहेको पत्रिका देख्नुभयो तर तपाईंले त्यो किन्न सक्नुहुन्न । तपाईंले त्यो चोरी गर्ने सोच्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (इमान्दारिता)
२०४. तपाईंको बहिनी रुँदै तपाईंकहाँ आईन र उनको जनावर घाइते भएकोले मदत मागिन । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (मन)
२०५. तपाईंको अभिभावकले तपाईंलाई अनौठो मानिससँग कुरा नगर्न भन्नुभएको छ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (आज्ञाकारिता)
२०६. तपाईंको दाजुभाईले कार एकदमै फोहोर राखे तर तपाईंको बुवाले तपाईंलाई सफा गर्न भन्नुभयो । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विनम्रता)
२०७. बाइबलले भन्छ कि प्रभु तपाईंसँगै हुनुहुन्छ र सधैं तपाईंको मदत गर्नुहुनेछ । तपाईंलाई कुन हिरोले मदत गर्नेछ ? (विश्वास)

हिरो खेल निर्देशनहरु

HEROES OF THE FAITH
SUNDAY SCHOOL

हिरो खेल निर्देशनहरु

नानीहरू
महत्वपूर्ण छन्